# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या ०२ असार ११ गते, २०८१ साल

# भाग १

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा बमोजिम (१) मादी गाउँसभाले जारी गरेको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०८१ सालको ऐन नं. २

### मादी गाउँपालिकाको विनियोजन ऐन, २०८१

प्रस्तावनाः मादी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन गर्न र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मादी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. सक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "मादी गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन संवत २०८१ श्रावण १ देखी लागू हुनेछ ।

२. आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको

रकम समेत गरी जम्मा रकम रु. ६९ करोड १ लाख ५७ हजार ५०० रुपैया नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त मादी गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।कार्यपालिका, वडा समितिले र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ । यसरी रकम रकमान्तर गर्दा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० तथा नियमावली, २०७७ नियम ३२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ बमोजिम कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीन रही कुनै शीर्षकबाट अर्को शीर्षकमा गर्न सक्नेछ, सो भन्दा बढी रकमको रकमान्तर वा शीर्षकान्तर गर्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

गाउँपालिका तथा वडा समिति सबैको

| क्र.सं. | क्षेत्रगत विवरण | पूँजीगत | चालु | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३४०४५०००। | ३४४०५०००। | ६८४५००००। | ९.९२ |
| २ | सामाजिक विकास | २८५४५०००। | २६२४०५०००। | २९०९५००००। | ४२.१५ |
| ३ | पूर्वाधार विकास | १८९६७६५००। | ० | १८९६७६५०० | २७.४९ |
| ४ | वन, तावरण तथा विपद् व्यवस्थापन | ५५०००००। | ४९०००००। | १०४०००००। | १.५० |
| ५ | सुशासन तथा संस्थागत विकास | २२१३६०००। | १०८५४५०००। | १३०६८१०००। | १८.९४ |
|  | जम्मा | २७९९०२५०० | ४१०२५५००० | ६९०१५७५००। | १०० |